**मिति २०७५ बैशाख १९ गते बसेको कार्यपालिका बैठकमा पेश भएका एजेण्डाहरु**

१. कैलाली भ्रमण वर्ष, २०७५ लाई सफल पार्न सरसफाई कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

२. कैलाली भ्रमण वर्ष, २०७५ लाई सफल पार्न गोदावरी नगर मुल समिति गठन गर्ने सम्बन्धमा ।

३. अत्तरिया चोकबाट पूर्व, पश्चिम, उत्तर, दक्षिणका खोका छाप्रा हटाउने सम्बन्धमा ।

४. साविक गोदावरी गा.वि.स.को बजेट सम्बन्धमा ।

५. कृषि तर्फको कार्यक्रम संसोधन सम्बन्धमा ।

६. गोरख बेल पाठशाला, अत्तरियाको कक्षा थप सम्बन्धमा ।

७. रेडियन्ट ग्याँसको कागजात मगाउने सम्बन्धमा ।

**निर्णय नं. १ :**

कैलाली भ्रमण वर्ष, २०७५ मुल आयोजना समितिको धनगढीको आयोजनामा यहि मिति २०७५/१/२२ गते कैलालीको प्रवेशद्धार चिसापानीमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट समुद्घाटन भई विभिन्न कार्यक्रमका साथ वर्ष भरिनै कैलाली जिल्लामा सुरु हुने भएको हुँदा यस गोदावरी नगरपालिकामा पनि उक्त कार्यक्रमलाई सफल पार्न मिति २०७५/१/२० गते विहान ७.०० बजे गोदावरी नगरपालिकाको आयोजनामा नगर सरसफाई अभियान कार्यक्रमको थालनी गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रमलाई सफल पार्न यस क्षेत्रका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, विद्यालयका शिक्षक/विद्यार्थी/अभिभावक, सरकारी तथा गैह्र सरकारी संघ संस्था, नागरिक समाज, उद्योग ब्यापारी, उद्योग वाणिज्य संघ, क्लव, टोल विकास समिति, सामुदायिक वन, पत्रकार आदीलाई सहयोगका लागी अपिल गर्ने र अब उपरान्त सो कार्यक्रमलाई निरन्तरता दिँदै प्रत्येक महिनाको पहिलो हप्ताको शनिवार र अन्तिम हप्ताको शनिवार पर्ने गरि महिना २ पटक वडामा वडा अध्यक्षको संयोजकत्वमा र नगरमा नगर प्रमुखको संयोजकत्वमा विहान ७.०० बजे देखि संचालन गरि नगर तथा गाउँ क्षेत्रलाई स्वच्छ र सफा राख्ने निर्णय समेत गरियो ।

**निर्णय नं. २ :**

कैलाली भ्रमण वर्ष २०७५ मूल समारोह समितिको आयोजनामा मिति २०७५ बैशाख २२ गते संघीय सरकारका सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आथित्यतामा भब्यताका साथ आयोजना हुने कार्यक्रमका लागी यस नगरपालिकाको पर्यटकिय क्षेत्रको संरक्षण, सम्बर्द्धन, नगर सरसफाई एवं प्रचार प्रसार गर्ने उद्देश्यका साथ देहाय बमोजिमको गोदावरी नगर स्तरिय मुल समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| नगर प्रमुख श्री हरि सिंह साउँद | - | संयोजक |
| नगर उप-प्रमुख श्री रत्ना कडायत | - | सह-संयोजक |
| १२ वटै वडा वडा अध्यक्ष | - | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | - | सदस्य सचिव |

**निर्णय नं. ३ :**

गोदावरी नगरपालिकाको सिमाना भित्रका पूर्व पश्चिम राजमार्ग र उत्तर दक्षिण राजमार्गको मध्य बिन्दुबाट २५ मिटर दायाँ बाँया भित्र बनेका स्थायी/अस्याथी संरचना तथा घर, खोका, छाप्राहरु हटाई सडक खाली गराई नगर क्षेत्रलाई ब्यवस्थित गर्ने निर्णय गरियो । साथै सो कार्यका लागी आफ्नो क्षेत्र भित्रको जिम्मेवारी सम्बन्धित वडा कार्यालय लिने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

साविक गोदावरी गा.वि.स. यस न.पा.मा गाभिनु पूर्व गा.वि.स.को हैसियतले रु. ४०,००,०००।- (चालिस लाख) बराबरको स्वीकृत वार्षिक कार्यक्रम र बजेट समेत यस न.पा.मा आई सकेको हुँदा साविकको गा.वि.स.ले स्वीकृत गरि सम्झौता गरिसकेका योजनाहरुको नगरपालिकाले अनुगमन गरि भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

चालु आ.व.का लागी प्रथम नगर सभाबाट स्वीकृत कृषि तर्फको कार्यक्रमलाई देहाय बमोजिम संसोधन गरि कार्यान्वयनका लागी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

| क्र. सं. | कार्यक्रमको नाम | स्वीकृत कार्यक्रम | | संसोधित कार्यक्रम | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १ | तोरी उत्पादन प्रदर्शन | १२ | ८४,०००।- | ७ | ४९,०००।- | |
| २ | तरकारी उत्पादन प्रदर्शन कार्यक्रम संचालन | १२ | ८४,०००।- | १७ | १,१९,०००।- | |
| ३ | मसिना तथा बास्नादार धान उत्पादन | १२ | ८४,०००।- | २४ | १,६८,०००।- | |
| ४ | बसन्ते मकै उत्पादन प्रदर्शन | १२ | ८४,०००।- | ० | ० | |
| | **जम्मा** | **४८** | **३,३६,०००।-** | **४८** | **३,३६,०००।-** | |

**निर्णय नं. ६ :**
गोदावरी नगरपालिका भित्र संचालित सरकारी तथा सामुदायिक विद्यालयहरुबाट शैक्षिक सत्र २०७५ मा कक्षा थपका लागी माँग भई आएको हुँदा शिक्षा शाखाबाट उक्त विद्यालयको अनुगमन तथा प्रस्तुत भएको तथ्याङ्कको आधारमा विद्यालयको भौतिक पूर्वाधार, विद्यार्थीको संख्या, स्रोत र सम्बन्धित वडा समितिको अनुगमन समेतलाई आधार मानी २०७५ बैशाखबाट लागु हुने गरि देहाय बमोजिमका सरकारी तथा सामुदायिक विद्यालयहरुको स्थानीय सरकार संचालन ऐन, २०७४ परिच्छेद ३ दफा ११ उपदफा २ को (ज) (२) अनुसार देहायका सरकारी तथा सामुदायिक विद्यालयहरुलाई कक्षा थपको अनुमती दिने निर्णय गरियो । साथै यसरी कक्षा थपको अनुमति दिएका आधारमा नगरपालिकाले ती विद्यालयमा शिक्षक तथा कर्मचारीका लागि कुनै आर्थिक व्ययभार नवेहोर्ने समेत निर्णय गरियो ।

| क्र.सं. | सरकारी तथा सामुदायिक विद्यालयको नाम | वडा नं. | माग भएको थप कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | गोरख बेल पाठशाला, अत्तरिया | १ | कक्षा ३ | |

**निर्णय नं. ७ :**
गोदावरी नगरपालिका वा.नं. ३, चौकिडाँडामा अवस्थित रेडियन्ट ग्याँस स्थानान्तरणका लागी यस कार्यालयमा ज्ञापन पत्र पेश गरेको हुँदा उद्योग स्थापना र संचालनका सन्दर्भमा रेडियन्ट ग्याँस उद्योगले प्राप्त गरेको अनुमती लगायत अन्य सम्पूर्ण कागजात ७ दिन भित्र यस कार्यालयमा पेश गर्न लगाउने निर्णय गरियो ।